म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष :१७ अङ्क :- १२१ २०८२ चैत १० गते मंगलबार 24 March 2026, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

## हामी नयाँ आकारमा

समृद्ध समाज राष्ट्रिय दैनिक मकवानपुरको लोकप्रिय दैनिक समाचारपत्र हो। हाम्रा पाठक, लेखक, विज्ञापनदाता, शुभेच्छुकहरु माफ हामीले आजबाट ब्रोडसिट आकारमा प्रकाशन सुरु गरेका छौं । छापा पत्रकारितामा पछिल्लो समय चुनौति बढ्दो छ। तर, हामी छापा पत्रकारितालाई आम पाठक सामु विश्वसनीय र प्रभावकारी माध्यमको रुपमा स्थापित गर्ने प्रयासमा छौं । छापा पत्रकारितालाई विश्वसनीय र प्रभावकारी बनाउने अभियानमा हामी हाम्रा पाठकबाट सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौं। नयाँ आकारले हाम्रा पाठकहरुलाई हामीप्रति अझ बढी आकर्षित गर्ने आशा राखेका छौं ।

सम्पादक ।

### बागमतीमा सरकार परिवर्तनको संकेत

# एमालेमा दुई धार, कांग्रेसको पावर सेयरिङमा 'सभामुख कार्ड'

समाज संवाददाता

हेटौंडा : संघीय सरकारमा नयाँ शक्ति स्थापित हुँदै गर्दा बागमती प्रदेशमा सरकार परिवर्तनको संकेत देखिएको छ। सत्तारुढ दलहरु बीच सरकारको नेतृत्वका विषयमा र स्साकस्सी सुरु भएको छ । गत साउनमा गठित मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ नेतृत्वको सरकारको कार्यसम्पादन कमजोर भएको र राजनीतिक सहमति अनुसार साझेदार दललाई एमालेलाई नेतत्व सुम्पिनु पर्ने दवाव बढेको छ।

गत २०८१ साउनमा गठित तत्कालिन मुख्यमन्त्री बहादुर सिंह लामा र एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया बीच भएको प्रदेशमा सत्ता साझेदार दलबीच भएको आलोपालो नेतृत्वको सहमति कार्यान्वयन गर्न एमालेले दवाव बढाएको हो । तत्कालिन समयमा २/२ वर्षको कार्यकाल सम्हाल्ने सहमति बनेकाले चैत मसान्तपछि सरकारको नेतृत्व परिवर्तन गरी एमालेले नेतृत्व लिनुपर्नेमा माग बढेको हो ।

सत्ता साझेदार दुई ठूला दल नेकपा एमाले र कांग्रेसबीच भएको भनिएको 'पावर सेयरिङ' को सहमति कार्यान्वयनको समय नजिकिँदै गर्दा दुवै दलभित्र फरक-फरक रणनीति र मतभेदहरु देखिएको छ। विशेषगरी, एमालेभित्र नेतृत्व परिवर्तनको विषयलाई लिएर 'दुई धार' प्रस्ट देखिएको छ भने अर्कोतर्फ, कांग्रेसले सरकारको नेतृत्व हस्तान्तरणको दवावलाई मत्थर पार्न 'सभामुख कार्ड' अगाडि सारेको छ। रिक्त रहेको सभामुख पद र मुख्यमन्त्री पदबीचको शक्ति सन्तुलन मिलाउनुपर्ने तर्क गर्दै कांग्रेसले पावर सेयरिङमा नयाँ बार्गेनिङ सुरु गरेको देखिन्छ।

### एमालेमा दुईधार

सरकारको नेतृत्व परिवर्तनको विषयमा एमालेका प्रदेश सभा सदस्यहरु बीच फरक धारणा देखिएको छ। संसदीय दलका नेता जगन्नाथ थपलिया र प्रमुख सचेतक एकालाल श्रेष्ठ विगतको 'लिखित सहमति' अनुसार चैतभित्रै एमालेले नेतृत्व पाउनुपर्ने अडानमा छन् भने एमाले प्रदेश सभा सदस्य केशव प्रसाद पोखरेल बदलिएको राजनीतिक परिस्थितिमा सरकार वा गठबन्धन परिवर्तनको अवस्था नरहेको बताउँछन् । बजेटअघि सरकार परिवर्तन हुने सम्भावना नरहेको उनको भनाई छ।

संसदीय दलका नेता थपलियाले सत्ता गठबन्धनभित्र सरकारको नेतृत्व आधा-आधा कार्यकाल गर्ने लिखित सहमति भएकाले आगामी चैत महिनापछि एमालेले सरकारको नेतृत्व लिने बताए । कांग्रेसले नेतृत्व गर्ने समय चैतसम्म मात्र भएकाले त्यसपछि एमालेको भागमा नेतृत्व आउने पुरानो 'अन्डरस्ट्यान्डिङ' सहित सो विषय लिखित रुपमै रहेको उनले बताए।

एमाले बागमती प्रदेश संसदीय दलका प्रमुख सचेतक एकालाल श्रेष्ठले बागमती प्रदेश सरकारको नेतृत्व परिवर्तनका विषयमा सत्तारुढ दलहरुबीच सघन छलफल भइरहेको बताए। आगामी चैत-बैशाखसम्ममा सरकारको नेतृत्व परिवर्तन गर्ने गरी आन्तरिक तयारी र संवाद अगाडि बढेको उनको भनाई छ।

सरकारको नेतृत्व परिवर्तन र पुनर्गठनका विषयमा सत्तारुढ गठबन्धनभित्र विभिन्न चरणमा छलफल भइरहेको उनको भनाई छ। सरकारको प्रभावकारिता बढाउन गठित कार्यदलले आफ्नो प्रतिवेदन बुझाइसकेको र सोही प्रतिवेदनका आधारमा सरकारको संरचनागत सुधार गरिने उनको भनाई छ । उनका अनुसार सरकारलाई जनमुखी बनाउन र विकास निर्माणका कामलाई तीव्रता दिन गठबन्धनले नयाँ ढंगले अघि बढाएको छ।

'सरकारको नेतृत्व परिवर्तन गर्ने विषयमा हामी छलफलमै छौं। मुख्यमन्त्रीको विषय र सरकारलाई अझ चुस्त-दुरुस्त बनाउने विषयमा गठबन्धनबीच सहमति जुटाएर अगाडि बढ्छौं । सरकारको नेतृत्व परिवर्तन बारे छलफल जारी छ । अहिले औपचारिक र अनौपचारिक दुवै खाले संवादहरु भइरहेका छन्। छिट्टै टुंगो लाग्छ । हालसम्म औपचारिक बैठकको मिति तय नभए तापनि चैत-वैशाखभित्रै एमालेको नेतृत्वमा सरकार बन्नेछ', श्रेष्ठले भने 'नागरिकले खोजेको निकास विकास र सुशासन हो । हामीले जनमुखी कार्यक्रम, प्रभावकारी सेवा प्रवाह र सुशासनमार्फत नागरिकका समस्या सम्बोधन गर्नुपर्छ। विकास निर्माणका कामलाई द्रुत गतिमा अगाडि बढाउनु नै वर्तमानको मुख्य आवश्यकता हो।'

यता नेकपा एमाले बागमती प्रदेश सभा सदस्य केशव प्रसाद पोखरेलले प्रदेश सरकारको नेतृत्व तत्काल परिवर्तन हुने सम्भावना नरहेको बताए। विगतमा कांग्रेस र एमालेबीच भएको भनिएको नेतृत्व हस्तान्तरणको सहमति भए तापनि वर्तमान राजनीतिक परिस्थिति र प्राविधिक कारणले तत्कालै परिवर्तन हुने अवस्था नदेखिएको उनले तर्क गरे।

सांसद पोखरेलले कांग्रेससँग पहिले ८ महिना र बाँकी अवधि एमालेले नेतृत्व गर्ने गरी 'जेन्टलम्यान एग्रिमेन्ट' भएको तर, अहिले परिस्थिति बदलिएको बताए। उनका अनुसार दलहरुभित्र शक्ति सन्तुलन फेरिएको र दुवै ठूला दलहरु आन्तरिक समीक्षामा रहेकाले प्रदेश सरकारको नेतृत्व फेरबदल गर्ने विषय प्राथमिकतामा परेको छैन।

'अहिले तत्काल संस्थागत रुपमा नेतृत्व परिवर्तनबारे कुनै छलफल भएको छैन । पार्टीका आन्तरिक कार्यव्यस्तता र राजनीतिक घटनाक्रमका कारण यो विषयले औपचारिक प्रवेश पाएको छैन', उनले भने, 'आगामी बजेटसम्म वर्तमान सरकारले नै निरन्तरता पाउन सक्छ। सरकार बनिसकेपछि एउटा बजेटसम्म त बनाउन दिनुपर्ने हुन्छ । आगामी बजेट यही सरकारले नै ल्याउँछ। तत्कालै नेतृत्व फेरिने सम्भावना देखिन्न।'

प्रदेश र स्थानीय तहको निर्वाचन २०८४ वैशाखमा एकैपटक हुने सम्भावना रहेको र निर्वाचन आयोगले पनि सोही अनुसार तयारी गरिरहेकाले सरकारको आयु र नेतृत्व परिवर्तन सहज नरहेको उनले बताए। तर, राजनीतिक शक्ति सन्तुलन मिलाउँदा सभामुख र मुख्यमन्त्रीको पद बाँडफाँडमा समझदारी हुन सक्ने अवस्था भने रहेको उनले बताए।

### कांग्रेसको पावर सेयरिङमा 'सभामुख कार्ड'

यता सरकारको नेतृत्व गरिरहेको कांग्रेस भने पावर सेयरिङमा सभामुख कार्ड प्रयोग गर्ने रणनीतिमा देखिएको छ। सरकार र प्रदेश सभाको नेतृत्वमा दलहरुबीच सन्तुलन कायम गर्ने गरी कांग्रेस अघि बढेको देखिन्छ।

बागमती प्रदेश सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले सत्ता साझेदार दलहरुबीच 'पावर सेयरिङ'मा सरकार र प्रदेश सभाको नेतृत्वमा उचित सन्तुलन मिलाइने बताए । मुख्यगरी प्रमुख सत्ता साझेदार दलहरुबीच सभामुख चयनका विषयमा घनिभूत छलफल भइरहेको उनको भनाई छ । तर, सरकारको नेतृत्व परिवर्तन बारे कुनै सहमति वा छलफल नभएको उनको भनाई छ। मन्त्री तामाङले सदनलाई प्रभावकारी रुपमा अगाडि बढाउन नेतृत्वको बाँडफाँडमा समझदारी आवश्यक रहेको उनले बताए।

'अहिले सभामुख पद रिक्त रहेको अवस्थामा त्यसको नेतृत्व कसले लिने र सरकारको नेतृत्व कसरी अगाडि बढाउने भन्ने विषयमा कांग्रेस र एमालेबीच नेतृत्व तहमा छलफल भइरहेको छ', उनले भने, 'पावर सेयरिङका सो विषयहरुलाई सन्तुलित ढंगले टुंग्याएर गठबन्धनलाई थप मजबुत बनाइनेछ । सरकारको नेतृत्वमा आधा-आधा कार्यकालको कुनै लिखित सहमति भएको जानकारी छैन। सरकारको नेतृत्व परिवर्तनको कुनै औपचारिक छलफल भएको छैन र त्यस्तो सहमति पनि भएको छैन । तत्काल सरकारको नेतृत्व परिवर्तन हुने अवस्था छैन। अहिलेको सरकारले नै निरन्तरता पाउँछ।'

मन्त्री तामाङले पछिल्लो समय पुराना राजनीतिक दलहरूमाथि भइरहेका प्रहार र नयाँ शक्तिहरूको उदयका कारण पनि वर्तमान गठबन्धन अझै एकजुट भएर जानुपर्ने आवश्यकता रहेको बताए। बजेट कार्यान्वयन र सरकारको कार्यसम्पादनमा केही ढिलाइ भएकाले त्यसलाई राजनीतिक मुद्दा बनाउनु भन्दा पनि सुशासन र विकासका काममा ध्यान केन्द्रित गर्नुपर्नेमा उनले जोड दिए।

नेपाली कांग्रेस बागमती प्रदेश सभाका सदस्य एवम् पूर्वमन्त्री रामकृष्ण चित्रकारले छिटो/छिटो सरकार परिवर्तन हुने खेलले संघीयता र प्रणालीप्रति नै नागरिकमा वितृष्णा जगाएको बताए । पूर्वमन्त्री चित्रकारले आम जनताको मुख्य अपेक्षा सरकारबाट प्रभावकारी डेलिभरी र समस्याको समाधान भएको बताए। हालसम्म सरकारको नेतृत्व परिवर्तनका विषयमा आधिकारिक र संस्थागत रुपमा कुनै छलफल नभएको उनको भनाई छ।

'जनताले खोजेको विकास, समृद्धि र सुशासन हो । तर छिटो/छिटो सरकार परिवर्तन भइरहँदा प्रणाली र व्यवस्थाप्रति नै नागरिकमा नकारात्मक सन्देश गएको छ। यो कुरा हामी सबैले महसुस गरेकै विषय हो । संघीयतालाई प्रभावकारी बनाउन स्थिर सरकार आवश्यक हुन्छ', उनले भने, 'सरकार गठनका बेला केही सामान्य समझदारी भएपनि कार्यकाल बाँडफाँड बारे जानकारी छैन। लिखित सहमति छ भने त उहाँहरुले देखाउँदा भइहाल्छ । सरकारको नेतृत्वका विषयमा आधिकारिक रुपमा केही भएको छैन। तर अनौपचारिक रुपमा केही भइरहेको हामीले सहजै अनुमान गर्न सकिन्छ।'

### चुनावी खर्च विवरण बुझाउँदै उम्मेदवार

# प्रशान्तको खर्च २७ लाख ९८ हजार, प्रकाशले अझै बुझाएनन् विवरण




समाज संवाददाता

हेटौंडा : फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा उम्मेदवार बनेका मकवानपुरका दुवै क्षेत्रका आधा भन्दा बढी उम्मेदवारहरुले आफ्ना चुनावी खर्च विवरण निर्वाचन कार्यालयमा बुझाएका छन्। आइतबारसम्म प्रदेश निर्वाचन कार्यालय हेटौंडामा मकवानपुरका दुबै क्षेत्रमा उम्मेदवार बनेका ४४ जना उम्मेदवार मध्ये २७ जना उम्मेदवारले चुनावी खर्च विवरण बुझाएका छन्।

निर्वाचन क्षेत्र नम्बर १ बाट विभिन्न दल तथा स्वतन्त्र उम्मेदवारहरु गरी १४ जनाले निर्वाचन खर्च विवरण बुझाइसेकका निर्वाचन कार्यालयले जनाएको छ। यस क्षेत्रबाट उम्मेदवार बन्नुभएकी नेपाली काँग्रेसकी उम्मेदवार महालक्ष्मी उपाध्याय डिनाले निर्वाचनमा ३१ लाख ६४ हजार खर्च भएको विवरण बुझाउनुभएको छ। नेकपा एमालेका रामेश्वर राना मगरले चुनावी अभियानमा १५ लाख ८८ हजार ४ सय ६५ रुपैयाँ खर्च भएको विवरण प्रस्तुत गर्नुभएको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीका दिपक बहादुर सिंहको चुनावी खर्च ७ लाख ५६ हजार खर्च भएको विवरण बुझाउनुभएको छ।

श्रम संस्कृति पार्टीकी विद्या श्रेष्ठ महर्जनले १ लाख ५६ हजार रुपैयाँ खर्च विवरण पेश गर्नुभएको छ भने प्रगतिशील लोकतान्त्रिक पार्टीका तेज प्रसाद उप्रेतीले १ लाख ४५ हजार रुपैयाँ खर्च विवरण देखाउनुभएको छ। नेशनल मंगोल अर्गनाइजेशनका युवराज लामाले १ लाख ४३ हजार खर्च विवरण निर्वाचन कार्यालयमा बुझाउनुभएको छ । यस क्षेत्रमा ६ जना स्वतन्त्र उम्मेदवारहरुले पनि निर्वाचन खर्च विवरण बुझाइसकेका छन्। उनीहरुले आफ्नो निर्वाचन खर्च ५० हजार भन्दा कम मात्र खर्च भएको विवरणहरु बुझाएका छन् । हालसम्म यस क्षेत्रका बिजयी हुनुभएको राष्ट्रिय स्वतन्त्र पार्टीका प्रकाश गौतमले भने निर्वाचन खर्च विवरण पेश गर्नुभएको छैन। नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार विजय गौतम, उज्यालो नेपाल पार्टीका सुरेन्द्र लामा लगायतले पनि खर्च विवरण पेश गर्न बाँकी रहेको छ।

निर्वाचन क्षेत्र नम्बर २ बाट हालसम्म १३ जना उम्मेदवारहरुले चुनावी खर्च विवरण प्रस्तुत गरेका छन्। यस क्षेत्रबाट उम्मेदवार भई विजयी भएका राष्ट्रिय स्वतन्त्र पार्टीका प्रशान्त उप्रेतीले आफ्नो चुनावी खर्च २७ लाख ९८ हजार ८ सय ११ रुपैयाँ भएको विवरण बुझाउनुभएको छ। नेपाली काँग्रेसका उम्मेदवार बुद्ध लामाको चुनावी खर्च १४ लाख ६२ हजार ९ सय २५ रुपैयाँ प्रस्तुत भएको निर्वाचन कार्यालयले जनाएको छ । यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार राम बहादुर थोकरको ३ लाख ८७ हजार, संयुक्त नागरिक पार्टीका शुभराज प्रजाको ३ लाख ८२ हजार, प्रगतिशील लोकतान्त्रिक पार्टीका सन्तोष बिष्टको ३ लाख ३ हजार, मंगोल नेशनल अर्गनाइजेशनका हिरालाल स्याङ्तानको १ लाख ५६ हजार खर्च भएको विवरणमा उल्लेख छ।

स्वतन्त्र उम्मेदवार सीतामाया बलको १ लाख ६ हजार खर्च भएको र बाँकी उम्मेदवारहरुको ५० हजार भन्दा कम खर्च भएको विवरणमा उल्लेख छ । यस क्षेत्रमा नेकपा एमालेका उम्मेदवार महेश बर्तौला, नेपाली कम्युष्टि पार्टीका उम्मेदवार लबशेर बिष्ट लगायत दलका उम्मेदवारहरुले भने खर्च विवरण पेश गर्न बाँकी छ।

खर्च विवरण पेश गर्ने समयसिमा चुनावी नतिजा प्रकाशन भएको मितिले एक महिनाको अवधि रहने प्रदेश निर्वाचन कार्यालय हेटौंडाका प्रमुख निर्वाचन अधिकारी हरिप्रसाद ढकालले जानकारी दिनुभयो। यसअघि फागुन २१ गते सम्पन्न निर्वाचनको अन्तिम नतिजा फागुन २४ गते प्रमाणित भएकोले चैत्र २४ गतेभित्र सम्म उम्मेदवारहरुले खर्च विवरण बुझाउने समयसिमा रहेको छ।

# हेटौंडा नगर अस्पतालका लागि डाक्टरको आवेदन खुल्यो

समाज संवाददाता

हेटौंडा : हेटौंडा उपमहानगर पालिका अर्न्तगत हटिया नगर अस्पतालमा रिक्त रहेको मेडिकल अधिकृत (डाक्टर) पदका लागि विज्ञापन प्रकाशन गरेको छ। तीन महिनादेखि डाक्टरबिहिन हटिया अस्पतालका लागि डाक्टर नियुक्त गर्न सोमबार उपमहानगरले विज्ञापन गरेको हो।

विज्ञापन प्रकाशन भएपछि परीक्षा समितिले १५ दिनपछि परीक्षा तथा अन्तरवार्ता लिई डाक्टर छान्ने र बैशाख १ गतेबाट डाक्टरको नियमित सेवा दिने योजना रहेको हेटौंडा उपमहानगरपालिकाका जनस्वास्थ्य प्रमुख सूर्यप्रसाद तिवारीले बताउनुभयो । उहाँका अनुसार हाल हटिया अस्पतालमा दैनिक ३० देखि ५० जना बिरामी उपचारका लागि आउने गर्छन् । हटिया अस्पतालमा डाक्टर उपलब्ध भएमा सामान्य बिरामी जाँचका लागि अन्य अस्पतालमा जानुपर्ने बाध्यता हट्ने अपेक्षा छ।

हाल हटिया अस्पतालमा एक जना मेडिकल अधिकृत (डाक्टर) सहित २ जना सिनियर अहेब, १ जना ल्याब टेक्निसियन, २ जना अहेब, १ जना सिनियर अनमी, १ जना अनमी र २ जना कार्यालय सहयोगीसहित कुल १० जना कर्मचारीहरुको दरबन्दी छ। यीमध्ये १ जना सिनियर अहेब र १ जना सिनियर अनमीको पद स्थायी र बाँकी अन्य पद करारका रहेका छन्। यस अस्पतालमा कार्यरत डा. नरेन्द्र केसीले गत मंसिरमा राजीनामा दिएपछि मेडिकल अधिकृतको पद रिक्त रहँदै आएको थियो।



# सम्पादकीय

## विपद् व्यवस्थापन आवश्यक

भौगोलिक अवस्था र हावापानीमा विविधता पाइने नेपाल विभिन्न प्रकारका प्राकृतिक प्रकोपको जोखिमयुक्त देश हो । मनसुनी वर्षाका कारण बाढी, पहिरो, डुबान तथा कटानको जोखिम अत्यधिक हुने गर्दछ । चट्याङ, हावाहुरी, असिना, हिमपातजस्ता विपद्जन्य जोखिम पनि उत्तिकै छ । भूकम्पीय जोखिमका आधारमा पनि नेपाल विश्वमै अग्रणी स्थानमा रहेको छ । धेरै प्रकारका प्राकृतिक घटनाको जोखिमपूर्ण रहेको नेपालमा प्रकोप र यसबाट निम्तने विपद्को उचित व्यवस्थापनमा भने पर्याप्त ध्यान पुग्न सकेको छैन । प्रकोपको रोकथाम, न्यूनीकरण तथा व्यवस्थापनमा धेरै सरकारी संयन्त्र सक्रिय रहेको भए पनि प्रभावकारी काम हुन सकेको छैन । सरकारी निकायहरुबिच आवश्यक समन्वय र सहकार्य हुन नसक्दा र सरकारले समयमै पर्याप्त पूर्वतयार गर्न नसक्दा प्रकोपजन्य घटनाका कारण वर्षेनि जनधनको व्यापक क्षति भइरहेको छ । विपद्को पूर्वानुमान, पूर्वतयारी, उद्धार, राहत तथा अन्य व्यवस्थापकीय कामका लागि छुट्टै निकाय नहुँदा आम नागरिक असुरक्षित बनिरहेका छन् ।

बागमती प्रदेशमा पछिल्लो १० वर्षमा विपद्का विभिन्न घटनाबाट १ हजार ३८ जनाले ज्यान गुमाएका छन् । प्राकृतिक तथा गैरप्राकृतिक विपद्का घटनामा परी १ हजार ३८ जनाले ज्यान गुमाएका हुन् । प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको तथ्यांकअनुसार २०७२ देखि २०८२ असार मसान्तसम्म प्रदेशका १३ जिल्लामा १ हजार ३८ जनाको मृत्यु भएको छ भने १८१ बेपत्ता भएका छन् । यस अवधिमा विपद्का घटनाबाट ६ अर्ब ९५ करोड रुपैयाँभन्दा बढीको आर्थिक क्षति भएको छ । प्रदेशभर ६ हजार ८३९ वटा विपद्का घटना भएका छन् । विपद्मा परी २ हजार ३११ जना घाइते भएका छन् भने १६ हजार ६५३ परिवार प्रत्यक्ष प्रभावित भएका छन् । विपद्का कारण प्रदेशमा ४ हजार ७२७ वटा घर पूर्णरुपमा नष्ट भएका छन् भने ५ हजार ८९६ वटा घरमा आंशिक क्षति पुगेको छ । जसमा कुल आर्थिक क्षति ६ अर्ब ९५ करोड ४१ लाख ७१ हजार ७१८ रुपैयाँ बराबरको रहेको मन्त्रालयले जनाएको छ ।

देशको राजधानी काठमाडौंमै सबैभन्दा बढी विपद्का घटना भएका छन् । १० वर्षमा काठमाडौंमा १ हजार ७७८ वटा घटना हुँदा चितवनमा सबैभन्दा बढी मानवीय क्षति भएर १४९ जनाको ज्यान गएको छ । सिन्धुपाल्चोकमा ११६ जनाको मृत्यु भएको छ भने ६५ जना बेपत्ता भएका छन् । विपद्का घटनाबाट काभ्रेमा ११९ जना, काठमाडौंमा ११३ जना, मकवानपुरमा ११२ जना, धादिङमा ९० जना, ललितपुरमा ७८ जना, सिन्धुलीमा ६८ जना, रसुवामा ५३ जनाको मृत्यु भएको छ । यस्तै, दोलखामा ४४ जना, रामेछापमा ४१ जना, नुवाकोटमा ३६ जना र भक्तपुरमा १९ जनाको मृत्यु भएको छ । सबैभन्दा धेरै आगलागीका ४ हजार २३ वटा घटना भएका छन् । आगलागीबाट १८० जनाको मृत्यु भएको छ भने ५ अर्ब ४२ करोडभन्दा बढीको क्षति भएको छ । मानवीय क्षतिको हिसाबले पहिरो सबैभन्दा घातक देखिएको छ । प्रदेशमा ९२८ वटा पहिरोका घटनामा परी ४६७ जनाले ज्यान गुमाएका छन् भने १०७ जना बेपत्ता भएका छन् । ३४१ वटा बाढीका घटनामा एक सय जनाको मृत्यु भएको छ भने १ अर्ब १९ करोडको क्षति भएको छ । चट्याङका कारण ११४ जना र जनावर आतंकबाट ७३ जनाले ज्यान गुमाएका छन् ।

कतिपय विपद्का घटनामा सानो सतर्कताले ठूलो क्षतिबाट बच्न सकिन्छ । सम्भावित विपद्जन्य स्थानको पहिचान गरी त्यस क्षेत्रका मानिसलाई सुरक्षित ठाउँमा सारेर विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सरकारले विशेष नीति तथा कार्यक्रम कार्यान्वयन गर्नु आवश्यक छ । प्राकृतिक विपतिलाई रोक्न नसके पनि समयमै सचेत भइयो भने क्षति न्यूनीकरण गर्न सकिन्छ । विपद्का घटनाबाट आम नागरिकको जीवन रक्षा गर्न तीनै तहको सरकारले इमान्दार भई उचित व्यवस्थापन गर्नुपर्छ । जोखिमयुक्त स्थानको पहिचान, जोखिम क्षेत्रका मानिसको स्थानान्तरण, विपद्का घटनाको पूर्वानुमान, सचेतना र पूर्वतयारीमा सरकारले पर्याप्त ध्यान दिनुपर्छ । विपद्पछिको उद्धार, राहत र पुन:निर्माणमा समेत सरकारले प्रभावकारी भूमिका निर्वाह गर्नु आवश्यक छ ।

# देश अब त फेरिएला कि !



डा. निरञ्जन सापकोटा

हामीले जे चाहेका थियौँ, त्यो प्राप्त गरेका छौँ । साढे तीन दशक लामो सत्ता खिचातानीबाट आक्रान्त नेपालीले सायद म जस्तै सुखको लामो श्वास फेरे होलान् । भोलि के होला भन्ने कुरा अझै स्पष्ट छैन, तैपनि हामी खुसी छौँ ।

वास्तवमा देश कहिल्यै पनि जनताको थिएन । देश केवल राज्यसत्तालाई कुनै न कुनै हिसाबले दोहन गर्नेहरूको कब्जामा जकडिएको थियो ।

न्याय र समानताका कुरा रट्ने तथाकथित साम्यवादी (कम्युनिष्टको खोल ओढेका) हरू त यो मामिलामा झन् एक कदम अगाडि थिए । जनतामाझ भ्रम छर्न र अल्मल्याउन उनीहरू नै सबैभन्दा सिपालु रहेछन् ।

अब प्रश्न उठ्ला– देश कसले दोहन गर्थे ? उत्तर सहज छ । तपाईंहरुकै छरछिमेकमा रहेका पुराना राजनीतिक दलका 'जबर्दस्त' कार्यकर्ताको जीवनशैली हेर्नुहोस्, उनीहरूको रवाफ हेर्नुहोस् र उनीहरूले पाएको न्यायको पहुँच मूल्याङ्कन गर्नुहोस् । मिल्यो त उत्तर ? हो, देश उनीहरूको मात्र थियो, जसको कोही आफन्त कांग्रेसमा थियो वा एमालेको उपल्लो तहमा। सत्तादेखि सत्तासम्मको सैद्धान्तिक बाटो र अघिल्लो चुनावदेखि पछिल्लो चुनावसम्मको गन्तव्य बोकेकाहरूबाट शासित हुनु नेपालीका लागि अभिशाप बनेको थियो । अब भने केही नयाँ हुन्छ कि भन्ने आशा गर्न पाइएको छ ।

कतै पनि नटाँसिएका हामीहरू 'टुहुरा' जस्तै थियौं । हामी जो कसैको दास हुन चाहँदैनथ्यौं, हाम्रा लागि कोही थिएन । सरकारी कर्मचारीले यता र उता झुलाउँदा हामी आदेश मान्न बाध्य हुन्थ्यौं ।

कर्मचारीको माग अनुसारको 'भाग' नपुर्‍याएसम्म हाम्रो काम बन्नेवाला थिएन । तर 'झोले'हरूलाई भने यो समस्या थिएन, किनकि उनीहरूका लागि 'माथि'बाट फोन गरिदिने मान्छे हुन्थे ।

देश गुण्डाहरूको तजबिजमा चल्थ्यो, अनि गुण्डाहरू नेताको इसारामा । यी दृष्टान्तहरू अब इतिहास बनुन् भन्ने कामना छ । विगतले तर्साइरहेको र भविष्य कस्तो होला भन्ने दोसाँधमा यो पत्र लेखिँदै छ ।

सधैं उही, सधैं उस्तै केही थियो भने त्यो नेपालको राजनीति थियो । एउटै नारा, उस्तै शैली र उही मान्छेबाट ३५ वर्षसम्म पिल्सिनु एकबारको जुनीमा कम सास्ती थियो र ? आज होला भन्यो हुँदैन, यो साल यस्तै भयो भन्यो अर्को साल झन् कठिन बनेर आउँथ्यो । संसारमा नेपालीभन्दा सहनशील प्राणी कतै पाइँदैन, तपाईंलाई यस्तो लाग्दैन ? साम्यवाद नै आइहाल्छ कि भनेर पत्याउने हामी नेपालीलाई एक पटक होइन, कैयौं पटक झुक्याइयो। हुँदाहुँदा झुक्याइने बानी नै परेको हामीले पत्तै पाएनौं । हामीले भेउ नपाएको उनीहरूले थाहा पाएरै त हामीलाई यति धेरै नजरअन्दाज गरेका होलान् नि, होइन त ?

नत्र मिल्नै नसक्ने विचारधारा बोकेका दुई दल मिलेर भोट माग्न आउँदा पनि हामीले शङ्का नगरी जिताएरै पठायौं ।

'यो समीकरण भएन, अब अर्को बनाउँछौं' भन्दै 'ढोक्सो' थाप्दा पनि हामीले पत्याइदिइरह्यौं । नेताहरुले गरेका हरेक कुकृत्यलाई आफ्नै परिवारको सदस्यको गल्ती जस्तै गरी ढाकछोप गरिदियौं । जघन्य अपराधमा दोषी ठहर भएका 'लठुवा'हरुलाई काँधमा बोकेर सुनपानी छर्किने काम पनि भयो ।

नेताहरूमाथि लागेका लाञ्छनाहरूको बचाउ गर्न हामीले हाम्रा आफ्ना नातागोतासमेत चिढ्यायौं । यति हुँदाहुँदै पनि जनताको सहिष्णुतालाई लात मारेपछि यो भन्दा फरक नतिजा अरू के नै आउँथ्यो र ?

चेतना एक पलकमै प्राप्त हुने कुरा होइन । लामो हण्डर र ठक्कर खाएर बल्ल हामीले आफूलाई क्रान्तिकारी साबित गरेका छौं । भोट परिवर्तनसमेत गर्न नसकेको पृष्ठभूमिमा अहिले जे भएको छ, यसलाई 'क्रान्ति' भन्नु सायद उपयुक्त नै हुन्छ ।

पुराना राजनीतिक 'नायक-नायिका'हरुलाई यतिविघ्न अनुदार र अकर्मण्य बनाउन अरु कसैको हात थिएन, हाम्रै हात थियो । हामीले नै उनीहरुलाई 'देउता' बनायौं, तर हामीले स्थापना गरेका ती देउताहरु ढुङ्गाका मूर्ति जस्तै कठोर बनिरहे ।

जनताका दु:खले उनीहरुलाई कहिल्यै छोएन । उनीहरुले चिथोरेका घाउहरु अझै आलै छन् । शक्ति आर्जन र त्यसको आडमा कुकृत्य गर्नु मात्र उनीहरूको सपना थियो । गर्नुपर्नेभन्दा नगर्नुपर्ने काम बढी भए ।

समयले आफैं ल्याएको परिवर्तनलाई आफ्नो 'योगदान' सम्झेर फलाक्नु बाहेक उनीहरूले केही गरेनन् । कसैले 'व्यवस्था त परिवर्तन गरे नि' भन्नुहोला, तर त्यो परिवर्तन जनतालाई भन्दा बढी उनीहरुकै लागि फलदायी भएको त देख्नुभयो नि ?

अभिभावकविहीन अवस्थामा रहेका आम नेपालीले बालेनलाई 'हिरो' बनाउन खोज्नुमा अनौठो मान्नुपर्ने केही छैन । दशकौंदेखि सत्ताको वरिपरि रहेका आसेपासेले बाहेक अरुले 'यो राज्य हाम्रो पनि हो' भनेर महसुस गर्न नपाएको झोक चुनावी मतमार्फत व्यक्त भएको मात्र हो ।

बालेन सक्षम भएकै कारण मात्र उसलाई जिताइएको होइन, बरु उनीमा सम्भावना बढी देखेर जनताले एउटा आँटिलो पाइला चालेका हुन् । भोलि बालेन असफल हुन सक्ने सम्भावना पनि रहला, तर यदि षड्यन्त्र भएन भने केही परिवर्तन चाहिँ अवश्य हुन्छ। जादु नै त नहोला, तर अब समाज यथास्थितिमा रहन सक्दैन, यो सत्य हो ।

म हाल संसारमा कुनै समय राज गरेको देश पोर्चुगलमा बस्छु । पोर्चुगल युरोपेली मुलुकहरूमध्ये गरिब देशका रुपमा चिनिन्छ, तर यहाँ जे-जति विकास र पद्धति छ, त्यसको केही प्रतिशत मात्र नेपालमा भइदिएको भए हामी जस्ता लाखौं पौरखी नेपालीले विदेसिनु पर्ने थिएन ।

श्रमको सम्मान गर्ने संस्कार, इमानदार नागरिक र कल्याणकारी राज्य संयन्त्र भयो भने नागरिकले कति सहज जीवनयापन गर्न पाउँछन् भन्ने कुरा यहाँ भोग्न पाइन्छ। राजनीतिप्रति जनताको अनावश्यक चासो नहुने वातावरण बनाउने एकमात्र उपाय रोजगारीको सिर्जना नै हो ।

नेपालका चतुर नेताहरूलाई यो कुरा राम्रोसँग थाहा छ, त्यसैले उनीहरु बेरोजगारीको समस्या समाधान गर्न चाहँदैनन् । मैले यहाँका चुनावहरु नजिकबाट देखेको छु– यहाँ कुनै तामझाम हुँदैन, किनकि राजनीति यहाँ प्रतिष्ठाको विषय होइन, नितान्त समाजसेवा हो ।

जब आम मानिसले राजनीतिलाई जीविकोपार्जनको माध्यम बनाउँदैनन्, तब राजनीतिज्ञहरु यसरी मरिहत्ते गरेर लाग्ने थिएनन् होला ।

'उत्पादन' जीवनको पहिलो सर्त नबनुन्जेल देशले विकासको गति समात्छ भनेर सोच्नु पागलपन मात्र हो। सत्ताको आडमा कानुन हातमा लिँदै गलत बाटोबाट सम्पत्ति आर्जन गर्नु अहिलेसम्मको चलन बनेको छ । शिक्षक, पत्रकार, वकिल, व्यवसायी सबैले यही गलत बाटो रोजेका कारण अहिलेको विकराल अवस्था सिर्जना भएको हो ।

यसैको असरस्वरूप आम मानिसले पनि सुरक्षित हुन राजनीतिक दलको ओत लाग्नुपरेको छ । त्यसैले प्रणालीमा सुधार र कानुनको अक्षरस: पालना नै अबको नयाँ सत्ताको मुख्य कार्यभार हुनुपर्छ ।

देखिने स्रोतसहितको आम्दानीबाट मात्र विलासी जीवन बाँच्न पाउने वातावरण तयार होस् भन्ने कामना गरेर जनताले मत दिएका हुन् । यो कुरा अबको नेतृत्वले बुझोस् । कसैले गैरकानुनी धम्कीबाट डराएर व्यवसायबाट पलायन हुन नपरोस् ।

धम्क्याएर बाँचिरहेकाहरू ओत खोज्न नेताका घर धाउने चलन बन्द होस् । बिचौलियाहरूको र जगज अन्त्य होस् । कसैले अनाहकमा गाली खानु नपरोस् । दोषीलाई कानुनी कारबाही होस्, तर विनादोष कसैलाई लाञ्छना लगाउनेलाई पनि कानुनले समातोस् । योग्यताको कदर होस् र अयोग्यले योग्यमाथि शासन गर्ने प्रणालीको अन्त्य होस् ।

सरकारी कामकाजमा जाँदा विना झन्झट काम बन्छ भन्ने ग्यारेन्टी नभएसम्म जुनसुकै व्यक्ति वा व्यवस्था आए पनि जीवन सरल बन्दैन ।

'घुस नखाई इन्जिनियरले योजना मूल्याङ्कन गर्दैन' भन्ने भाष्यले अब बिदा पाउनुपर्छ । सञ्चारमाध्यमहरु राजनीतिबाट प्रभावित छैनन् भन्ने कुरा जनताले अनुभूति गर्न पाउनुपर्छ । लोकतन्त्रलाई विकृत बनाउने तत्वहरूलाई निस्तेज नपारेसम्म फराकिला सडक बन्दैमा देश विकसित भएको मानिँदैन । नागरिक सर्वोच्चता कुलीनहरूका लागि मात्र होइन भन्ने प्रत्याभूति भए मात्र सबै अटाउने देश बन्न सक्छ ।

आम नेपालीले समृद्धिका हजारौं कल्पना गरेका छन् । पीडा लुकाएर बाँचेका निरीह दाजुभाइले जे अपेक्षा गरेका छन्, त्यो पूरा हुन समय लाग्ला, तर एउटा नयाँ बाटो कोरिएकोमा हामी खुसी हुनै पर्छ ।

अवसरको खोजीमा विदेसिएका लाखौं नेपालीले आफ्नै जन्मभूमिमा आफूले हासिल गरेको ज्ञान र सीप सदुपयोग गर्ने वातावरण बनोस् । भौतिक विकासभन्दा ठूलो प्रणालीगत सुधार गरेर समतामूलक समाज बनाउने महाअभियान नयाँ सत्ताले थालोस् । हामी आम नागरिकले पनि खबरदारी गर्न नछोडौं ।

*(स्रोत: अनलाईनखबर)*

# के महिला राति एक्लै निर्धक्क हिंड्न सक्ने दिन आउला ?



बिनिता खनाल

२७ जुलाई २०१८, १३ वर्षीय बालिका निर्मला पन्तको बलात्कारपछि हत्या गरेर ऊखु झाडीमा फालियो । ३ फेब्रुअरी २०२१, १७ वर्षीया किशोरी भागिरथी भट्टको बलात्कार पछि हत्या गरी जङ्गलमा फालिन्छ । २३ भाद्र २०८२ मा १६ वर्षीया किशोरी ईनिशा विकको मृत शरीर वीरेन्द्रनगरको जङ्गलमा भेटिन्छ जसको मृत्युको कारण जबरजस्ती करणी पछिको अत्याधिक रक्तश्रावबाट भएको खबर आउँछ ।

आर्थिक वर्ष २०१९-२० को नोभेम्बर महिनामा मात्रै आठ बलात्कारका घटना दर्ता भएका थिए जसमध्ये ११ वर्षीय, ७ वर्षीया, १३ वर्षीया र यहाँ सम्मकी ३ वर्षकी बच्ची समेत शिकार हुन पुगेकी थिइन् । यी क्रुर अपराधमा संलग्नहरु कोही ६० वर्षीया, कोही ५२ वर्षीया, कोही ३९ वर्षीया त कोही १६ वर्षीया किशोर छन् ।

जसमध्ये एक त पीडितका आफ्नै पिता थिए । यी त बाहिर आएका प्रतिनिधि घटना मात्र हुन लुकेर रहेका घटना कति होलान अड्कल नै छैन । अब एक महिला बलात्कृत हुन कुन ठाउँ बाँकी होला अनि कुन सम्बन्ध अछुतो होला ? न उमेरको परिधि नापिसक्नु छ, न सम्बन्धको मर्यादा जीवित रहेको छ, विश्वासको घाँटी त धेरै पहिले रेटिइसकेको छ ।

घर होस् या विद्यालय, मन्दिर होस् या बाटो बाउ होस् या दाइ प्रेमी होस् या श्रीमान्, कसलाइ एक महिलाले आँखा चिम्लेर विश्वास गर्न सक्छिन ? अनि दोष कस्को ? के महिला भएर जन्मिनु नै अभिषाप बनेको हो त ? के के कुरामा संघर्ष गर्नुपर्ने अझै एक छोरीले ? छोरी भएकै कारण जन्म लिनको लागि आमाको गर्भमा रहँदा संघर्ष, खोइ भाग्य भनौं वा दुर्भाग्यबस जन्मिहाले




फेरि यो समाजका 'पुरुष' देखि आफूलाई जोगाउन संघर्ष, यहाँ 'पुरुष' भनिरहँदा मन खिन्न हुन्छ ।

कहिल्यै यसरी भन्न नपरोसझैं लाग्छ किनभने मलाई थाहा छ मेरो समाजमा नराम्रा मात्र पुरुष छैनन् । तर पनि सत्य यहि हो 'पुरुष' मध्येकै एक 'पुरुष', 'महिला' मध्येका 'म' हरूको बलात्कारी हो ।

फेरि पनि प्रश्न उठ्छ यी सबै बलात्कारमा दोषी को त ?

हाम्रो समाजमा बलात्कार जस्तो अमानवीय क्रुर अपराध भइरहँदा पनि समाजले प्रश्न र शंकाको कठघरामा भने हिजो पनि स्त्रीलाई नै राख्दथ्यो आज पनि स्त्रीलाई नै राख्छ । 'को सँग हिँडेकी थि ?' एक्लै हिँडेको भए 'किन एक्लै हिँडेक थी ?', कस्तो लुगा लगाएकी थी ?, ब्वाइफ्रेण्ड थियो कि थिएन ?, काम के गर्थी.... यस्तै यस्तै ।

एउटा ४० वर्षको बाबुले आफ्नै किशोर अवस्थाकी छोरीको बारम्बार बलत्कार गर्दै गर्दा (ललितपुर) के जन्मिँदै नग्न अवस्थामा देखेको उसले आफ्नै छोरीले छोटो लुगा लगाउँदा त्यो बाउको कामुकता जाग्यो ?

होइन भने कपडा कसरी दोषी भयो ? दुनियाँको प्राण बचाउने प्रतिबद्धता गरेर डाक्टर बनेकी छोरीको ड्युटीमै सेतो एप्रोन सँगै हुँदा बलात्कार पछि हत्या नभएको हो र ? काम कसरी दोषी भयो ? फेरि पनि लुगा कसरी दोषी भयो ? आफूलाई बौद्धिक हुँ भन्ने हाम्रा बुद्धिजीविहरुको बुद्धिको स्तर अझै पनि त्यही महिलाको लुगाको लम्बाइले कहिलेसम्म नापिरहने ?

आज एक स्त्री आफ्नै पिता, दाइ, भाइ, पति, प्रेमी, शिक्षक, अथवा उसले विश्वास गर्न मिल्ने जुनसुकै नाताबाट बलात्कृत हुँदै गर्दा यो दुनियाँमा कुन चाहि नाता कुन चाहिँ सम्बन्ध पवित्र अनि निस्कलंकित रह्यो त ? 'म' समस्यामा छु भनेर सुनाउने ठाउँ कहाँ रह्यो त ? 'म' पीडित हुँ भनेर निर्धक्क भन्न सक्ने सम्बन्ध कहाँ छ त ?

नेपालमा एक दिनमा औसत ७ महिला तथा बालिका बलात्कारको शिकार भएको आँकडा छ । आर्थिक वर्ष २०८०/८१ मा २५०७ बलात्कारका घटना दर्ता भए . यो २५०७ केवल संख्या होइन यो त रित्तिएका कोखहरूको रोदन हो, उजाडिएका जिन्दगीहरूको आंसुको कथा हो ।

बलात्कार केवल शारिरिक घाउ दिने घटना होइन यो त बाचुञ्जेल आफ्नो आत्मासम्ममानलाई छियाछिया पार्ने दिनहुँको यातना हो । एक पीडितले भोग्नुपरेको 'पोस्ट-ट्रमाटिक स्ट्रेस डिसअर्डर', एन्जाइटी, डिप्रेसन लगायतका कहालीलाग्दो भोगाइको विश्लेषण हामीले कसरी गरौंला र, अझै त्यसमाथि हाम्रो समाज त छँदैछ घाउमा मल्हमको सट्टा नुन छरिदिने ।

आफ्नो मन्जुरीबिना शरीर माथि कुनै पुरुषले उसको पुरुषार्थ सिद्ध गर्नका लागि बस गन्न सकिने घडीको टिकटिक जति नै समयमा जिन्दगी सखाप पारिदियो । यो कुरा सहेर बाँचिरहेकी कोही स्त्रीको मनमा के बितिरहेको हुन्छ होला । झनै तिनै अपराधी छाती खुला पारेर त्यही समाजमा हिँडेको देखिरहँदा अनि सत्य स्विकार्नुबाहेक आफूसँग कुनै विकल्प नहुँदा के बित्छ होला ?

नेपालको संविधान अथवा फौजदारी संहिता २०७४ को कुरा गरौं । त्यहाँ तोकिएको सजायको व्यवस्था किन कागजबाट बाहिर आउनुपर्ने जसरी आएको महसुस भएको छैन ?

जुन कोखबाट यो सुन्दर संसारमा जन्म लियो त्यही कोखको बलत्कार गर्ने मानिस आखिर के सम्झिँदो हो एक स्त्रीलाई ? के उनीहरूको निम्ती एक स्त्री मानव नभई केवल भोगबिलासको समाग्री बनेकी हुन् ?

देवीलाई भगवान भन्दै पुजा गर्ने यही समाजका तिनै हात यो स्त्री माथिको जघन्य अपराधमा किन उठ्न रोकिएनन् । आखिर काहाँ चुक्यो हाम्रो समाज ? । एक स्त्रीको बलत्कार हुँदै गर्दा न्याय माग्न बाटोमा आउँछन, हार गुहार गर्छन् तर बिडम्बना त्यही न्याय माग्ने भीडमध्ये नै कोही फेरि बलत्कारी भएर निस्किन्छन् । अनि त्यही हिजो अरूलाई न्याय माग्न हिँड्ने स्त्री बलात्कृत हुन्छिन् । आखिर कहाँ चुक्यौं हामी ? कहाँ चुक्यो हाम्रो समाज ?

विश्व स्वास्थ्य संगठनका अनुसार हरेक ३ महिलामा १ जना महिला यौन हिंसाको शिकार हुन पुगेका हुन्छन् तर के यी सबै घटना बाहिर आएका छन् त ? अहं छैनन् ।आफू बलात्कृत हुनु परेको पीडा त छँदैछ झन् त्यसैमाथि मन खोलेर रुन पनि नपाउँदाको अवस्था झन् कस्तो होला ?

विभिन्न अनुसन्धानलाई आधार मान्ने हो भने यौन चाहना मात्र बलत्कारको कारण होइन भनिएको छ । पुरुषप्रधान सोचले निम्त्याएको मानसिकता, 'पुरुष विशेषाधिकारको धारणा, महिलाको अमानविकरण, पुरुष प्रभुत्वको सामान्यीकरण, समाजद्वारा निर्मित सोच जस्ता अनेकौं कारणहरूलाई प्राथमिकता साथ बलात्कारका मुख्य कारण भनि देखाइएको छ ।

यसको के अर्थ लगाउन सकिन्छ भने 'पुरुष' लाई शक्तिशाली देखाउने हाम्रो सामाजिक व्यवस्थामाथि पुनर्विचार गर्नुपर्ने अवस्था आएको छ । सुन्नमा गौण लाग्न सक्छन् कठोर लाग्न सक्छन् घरमा एउटै उमेरका छोरा र छोरी छन् भने छोरामाथि खासै प्रश्न उठाइँदैन । तर 'छोरी मान्छे भएर यस्तो गर्ने', 'तिमी त छोरी मान्छे

...बाँकी पृष्ठ ३ मा

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : अनुभव र ज्ञानको कमीलाई हटाउन सकिने छ ।
**वृष** : आनन्दको जीवनमा आँच आउन सक्ने योग छ ।
**मिथुन** : सामाजिक र सांगठनिक काममा बाधा योग छ ।
**कर्कट** : इज्जत र मानमा वृद्धि हुने समय योग छ ।
**सिंह** : मन बिचलित भएपनि लाभप्रद समय छ ।
**कन्या** : बजेटलाई सन्तुलनमा राख्दा राम्रै रहने समय छ ।
**तुला** : नचिताएको काम पूर्ण हुने समय योग रहेको छ ।
**वृश्चिक** : काममा विशेष लागि परिने समय योग छ ।
**धनु** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**मकर** : खानपानमा अरुचि बढ्ने समय योग छ ।
**कुम्भ** : पुरस्कारबाट लाभ प्राप्त हुने समय योग छ ।
**मीन** : अनावश्यक काममा समय खेर फालिएला ।

# कांग्रेसको १५ औं महाधिवेशन भदौमा बोलाउने तयारी

काठमाडौं : नेपाली कांग्रेसको १५ औं महाधिवेशन भदौमा बोलाउने गरी तयारी गरिएको छ। केन्द्रीय समितिको मंगलबार बस्ने बैठकमा नियमित महाधिवेशनको कार्यतालिकामा छलफल हुने नेताहरुले जानकारी गराएका छन्।

सभापति गगन थापा चुनावपछि पहिलोपटक केन्द्रीय समितिको बैठकमा सहभागी हुने भएका छन्। उपसभापति विश्वप्रकाश शर्माको अध्यक्षता बसेको केन्द्रीय समिति बैठकले सभापति थापाको राजीनामा अस्विकृत गरेको थियो। सभापति थापाले अध्यक्षता गर्ने मंगलबारको बैठकले महाधिवेशनको कार्यतालिका सार्वजनिक गर्ने एक केन्द्रीय सदस्यले जानकारी गराए। उनी भन्छन्,'भदौमा महाधिवेशन गर्ने गरी कार्यतालिका आउँछ। वर्खा अघि क्रियाशील सदस्यताको काम सकेर तल्लो तहको अधिवेशन सुरु गर्छौं।' बीपी जन्मजयन्ती (भदौ २४) मा महाधिवेशन उद्घघाट्न गर्ने गरी कार्यतालिका ल्याउने तयारी भएको ती नेताले जानकारी गराए।

नियमित महाधिवेशन गर्ने गरी यसअघि पुसको कार्यतालिका ल्याइए पनि कार्यान्वयन भएको थिएन। नियमित महाधिवेशन नभएसँगै विशेष महाधिवेशन गरिएको थियो। पूर्व सभापति शेरबहादुर देउवा र नेता डा.शेखर कोइराला पक्षले विशेष महाधिवेशनको विपक्षमा देखिएका थिए-छन्। क्रियाशील सदस्यता सम्पूर्ण खारेज गरेर नयाँ सुरु गर्ने विषयमा पनि पार्टीभित्र बहस सुरु भएको छ। एक केन्द्रीय सदस्य भन्छन्,'क्रियाशील सदस्यता सबै खारेज गरेर नयाँ तरिकाले अघि बढ्ने दबाब पनि छ। अर्कोतर्फ, क्रियाशील सदस्यतताको काम धेरै ठाउँमा सकिएको छ। यी दुबै कुरालाई मध्यनजर गरेर सदस्यताका बारेमा निर्णय लिन्छौं।'

*स्रोत : अनलाइनखबर।*

## कर्मचारी र सुरक्षा निकायलाई सम्मान

काठमाडौं : गृहमन्त्री ओमप्रकाश अर्यालले प्रतिनिधिसभा सदस्य निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न भूमिका निर्वाह गर्ने गृहमन्त्रालयका कर्मचारी र सुरक्षा निकायलाई सम्मान गरेका छन्। सोमबार मन्त्रालयमा आयोजित एक कार्यक्रमकाबीच मन्त्री अर्यालले कर्मचारी र सुरक्षा निकायलाई प्रसंशा-पत्रद्वारा सम्मान गरेका हुन्।

मन्त्री अर्यालले गृह मन्त्रालयका सचिव राजकुमार श्रेष्ठ, रक्षा मन्त्रालयका सचिव केदारनाथ शर्मा, नेपाली सेनाका बलाध्यक्ष रथि प्रदिपजंग केसी, प्रहरी महानिरीक्षक दानबहादुर कार्की, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख टेकेन्द्र कार्की, काठमाडौं, ललितपुर र भक्तपुरका जिल्ला सुरक्षा समितिका पदाधिकारी, गृह मन्त्रालयका उच्च अधिकारीलाई प्रसंशापत्रद्वारा सम्मान गरे। साथै जिल्ला सुरक्षा समितिका पदाधिकारी लगायत निर्वाचनमा खटिने सबै कर्मचारी, सुरक्षाकर्मीहरुलाई बधाई सहित सम्मान गरेका छन्। सो अवसरमा गृहमन्त्री अर्यालले गत फागुन २१ मा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न कर्मचारी, सुरक्षा निकाय एवं सबै सरोकारवालाको महत्वपूर्ण भूमिको प्रसंशा गरे।

*' स्रोत : अनलाइनखबर।*

## के महिला...

हौं', जस्ता वाक्यको प्रयोगले पुरुषप्रधान व्यवस्थालाई मौन स्विकृती दिएका छैनन् र ? घरको कुनामा एउटी छोरीलाइ छोरी हुँदा पालना गर्नुपर्ने संस्कार सिकाइरहँदा पल्लो कुनामा छोरालाई 'पुरुष' हुनुको घमण्ड पलाइरहेको त छैन ? आमाले छोरीलाई छोरी हुनुको कर्तव्य बोध गराइरहँदा बाबाले छोरालाई छोराको दायित्व र जिम्मेवारी सिकाउन छुटेको पो छ कि ?

म यो जुनीमा त्यो समाज हेर्न चाहन्छु, जहाँ रातिको ८ बजे घर बाहिर जानु पर्दा एक स्त्री निर्धक्क हिँड्न सक्छिन्। म त्यो समाज हेर्न चाहन्छु जहाँ २१-२२ वर्ष पुगेकी छोरी घरबाहिर निस्किँदै गर्दा आमाले उनको सुरक्षाका लागि ११-१२ वर्षको भाइ साथमै पठाउन नपरोस्। अनि त्यो समाज हेर्न चाहन्छु, जहाँ छोरी घर जान भनी बस चढेका बेला घरबाट बाबाले छेउमा केटी मान्छे छ कि केटा मान्छे भनेर सोधिरहन नपरोस्। के यो समभव छ ? देशमा मैले अनि म जस्ता जेन-जेड हरूले चाहेको भनिएको परिवर्तनमा के यो पनि सपना देख्ने अधिकार छ ? हेलो सरकार ! म एक महिला हुँ के मलाई स्वतन्त्र भएर बाँच्ने अधिकार छ ? *(स्रोत: अनलाईनखबर)*

## कम्पनिको नाम परिवर्तन गरिएको बारे सूचना

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको श्री एम. एस. पी. सर्भिसेज कम्पनि प्रालि (दर्ता नं. ३६३८३५/०८१/०८२) को साविक नाम परिवर्तन भई अब उपरान्त श्री एम. एस. पी. लजिस्टिक एण्ड सर्भिसेज कम्पनि प्रालि कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भइसकेकाले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**श्री एम. एस. पी. लजिस्टिक एण्ड सर्भिसेज कम्पनि प्रालि**

## मकवापुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

मक्रान्चुली, मकवानपुर

### ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको सम्वन्धमा

*सूचना प्रकाशित मिति :-२०८२-१२-१०*

प्रस्तुत विषयमा विभिन्रुन मितिमा यस गाउँपालिकाको वडा नं. ३ र ४ मा पेश भएका निवेदन अनुसार वडामा बसोबास गर्ने देहाय अनुसारका व्यक्तिहरुले आफ्नो र आफ्नो परिवार का सदस्यको स्वामित्वमा नेपाल राज्यभित्र जग्गा, जमिन नभएको र परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ भएको, विगतमा आफू र आफ्नो परिवारका सदस्यहरुलाई नेपाल सरकारले कुनै प्रकारको कुनै जग्गा वा जग्गाको स्वामित्व सहितको आवास उपलब्ध नगराएको तथा मिति २०७६ माघ २८ पछि आफ्नो वा परिवारका कुनै सदस्यको नाममा रहेको जग्गा बिक्रि वा हक हस्तान्तरण नगरेको भनि आफूलाई भूमिहीन दलित/भूमिहिन सुकुम्बासी दाबी गरी जग्गा आबाद कमोद गर्दै आएको स्थानमा वा अन्य कुनै सरकारी जग्गामा तोकिएको क्षेत्रफलको हकमा नबढ्ने गरी निःशुल्क जग्गा पाउन स्थानीय तह मार्फत आयोगमा निवेदन पेश गरेकाले सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। निवेदनमा उल्लेखित व्यहोरा संशोधन गर्नु परेमा निवेदक स्वयंले र कुनै उजुर बाजुर वा दाबी बिरोध भए जोसुकैले ७ (सात) दिनभित्र (२०८२/१२/१६ सम्म) मकवानपुरगढी गाउँपालिकाको कार्यालयमा प्रमाण सहित निवेदन दर्ता गराउनुहुन वा उजुर गर्नुहुन सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल:

| सि.नं. | वडा नं. | निवेदन फारम नं. | निवेदन दर्ता (कोड) नं. | परिवारमूलीको र निजको पति/पत्नीको नाम | परिवारमूलीको ना.प्र.प.नं. | निवेदकको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ३ | ०४३४२३ | BS-३-०००६ | तिर्थ प्रसाद अधिकारी/मीना कुमारी अधिकारी | ३२९० | भूमिहीन सुकुम्बासी | |
| २ | ३ | ०४३४२६ | BS-३-०००८ | जयराम पुडासैनी/जानकी पुडासैनी | १५६९ | भूमिहीन सुकुम्बासी | |
| ३ | ३ | ०४३४१८ | BS-३-००१० | पदम वहादुर वाईवा/विष्णु माया वाईवा | ३११०११/६७६७३ | भूमिहीन सुकुम्बासी | |
| ४ | ३ | ०४३४०२ | BS-३-००१४ | राम वहादुर वोमजम/लक्ष्मी कुमारी बोमजम | ८११ | भूमिहीन सुकुम्बासी | |
| ५ | ३ | ०४३४२७ | BS-३-००१५ | रुद्र प्रसाद तिमल्सिना | ७६४५ | भूमिहीन सुकुम्बासी | |
| ६ | ३ | ०४३४०५ | BS-३-००१६ | उद्धव प्रसाद लम्साल/चित्र कुमारी लम्साल | ३२६ | भूमिहीन सुकुम्बासी | |
| ७ | ४ | ०४३४३८ | BS-४-०००८ | सोमलाल थिङ्ग/लम्बरी थिङ्ग | ३१-०१-७०-००९२७ | भूमिहीन सुकुम्बासी | |
| ८ | ४ | ०४३४४६ | BS-४-००१८ | अर्जुन मुक्तान/अस्मिता मुक्तान | ३१-०१-६८-००२१३ | भूमिहीन सुकुम्बासी | |
| ९ | ४ | ०४३४४० | BS-४-००१४ | दावा लामा/शंकर लामा | ३१-०१-७७-०३७३८ | भूमिहीन सुकुम्बासी | |
| १० | ४ | ०४३४४७ | BS-४-००२५ | ज्ञान बहादुर धोङ/फुल माया लोप्चन | ४००-४३८९१ | भूमिहीन सुकुम्बासी | |
| ११ | ४ | ०४३४४५ | BS-४-००२३ | कृष्ण श्रेष्ठ/रिता श्रेष्ठ | २९०८ | भूमिहीन सुकुम्बासी | |
| १२ | ४ | २०७१५९९ | BS-४-००३५ | जय बहादुर थिङ/राम माया थिङ | ३६८७ | भूमिहीन सुकुम्बासी | |
| १३ | ४ | ०४३४३३ | BS-४-०००१ | लाल बहादुर थिङ्ग/उकमाया भ्लोन | १४५ | भूमिहीन सुकुम्बासी | |
| १४ | ४ | ०४३४३९ | BS-४-००२४ | गोपाल बल/विष्णु माया बल | १०१५/७१६८५ | भूमिहीन सुकुम्बासी | |
| १५ | ४ | ०४३४५० | BS-४-००२६ | चन्द्र बहादुर श्रेष्ठ/अम्बिका श्रेष्ठ | २००६५ | भूमिहीन सुकुम्बासी | |
| १६ | ४ | ०४३४३७ | BS-४-००१५ | नारन गोले/फुल माया गोले | ४४८३ | भूमिहीन सुकुम्बासी | |
| १७ | ४ | ०४३४५६ | BS-४-००१२ | विकाश घलान/बिना घलान | ३१-०१-६९-०४९६४ | भूमिहीन सुकुम्बासी | |
| १८ | ४ | ०४३४५७ | BS-४-००१३ | सोवर सिंह गोले/रमा गोले | ३१-२७६९३ | भूमिहीन सुकुम्बासी | |
| १९ | ४ | २०७१५९९ | BS-४-०००१ | सुकु लाल थिङ/बुद्धि माया थिङ | ६१९६ | भूमिहीन सुकुम्बासी | |
| २० | ४ | | BD-४-०००१ | विनोद कामि/सविना वि.क. | १९-१४३०७ | भूमिहीन दलित | |
| २१ | ४ | ०४३४५५ | BS-४-००१९ | सानु कान्छी थिङ/मान बहादुर थिङ्ग | ३११०२०-५५९८२ | भूमिहीन सुकुम्बासी | |
| २२ | ४ | ०४३४३१ | BS-४-०००२ | सुर्य बहादुर श्रेष्ठ/शान्त कुमारी श्रेष्ठ | ७९६३-२०६६ | भूमिहीन सुकुम्बासी | |
| २३ | ४ | ०४३४४९ | BS-४-००१६ | चतुर सिं लो/ठुली कान्छी लो | ४४-१६३६ | भूमिहीन सुकुम्बासी | |
| २४ | ४ | ०४३८१३ | BS-४-००२९ | राजु थिङ/मिना कुमारी तामाङ | १०४२-६९९१३ | भूमिहीन सुकुम्बासी | |
| २५ | ४ | ०४३४४१ | BS-४-००१० | तिलक बहादुर भुजेल/सुनिता भुजेल | २३१८ | भूमिहीन सुकुम्बासी | |
| २६ | ४ | ०४३८१८ | BS-४-००३२ | अजय राना मगर/सम्भना स्याङ्तान | ३१-०१-७१-०२६४८ | भूमिहीन सुकुम्बासी | |
| २७ | ४ | ०४३८१४ | BS-४-००२८ | उत्तम कुमार हुमागाई/रुपा हुमागाई | ११-१४८३ | भूमिहीन सुकुम्बासी | |
| २८ | ४ | ०४३४३६ | BS-४-०००७ | रजत दर्लामि मगर | ०४-०१-७३-०९११९ | भूमिहीन सुकुम्बासी | |
| २९ | ४ | ०४३८२२ | BS-४-००३४ | कृष्ण बहादुर योन्जन/चमेली योन्जन | ११-०९१ | भूमिहीन सुकुम्बासी | |
| ३० | ४ | ०४३८१५ | BS-४-००३० | कृष्ण बहादुर घलान/सुन माया थिङ | ३१-०१-७६-०९५६२ | भूमिहीन सुकुम्बासी | |

# कमाने एकेडेमी/बाल-साहित्य चौतारी



जेनिस लोप्चन
कक्षा ६



## बाबा उज्यालो भविष्य



✍रितिशा मल्ल

बाबा परिवारको उज्यालो ज्योति
हाम्रो जीवनको अमूल्य सम्पत्ति
हजुर हुनुहुन्छ मेरो पहिला गुरु
शब्दमा पनि वर्णन कसरी गरुँ

कठोर देखिए पनि मन अति कोमल
सन्तानका लागि गर्नुहुन्छ सबै
बाबा मिहिनेत परिश्रम अहोरात्र गर्ने
आफ्नो परिवारलाई जोगाउन कवच जस्तै बन्ने

बाबा हजुर हुनुहुन्छ साहसको आधार
सम्झँदा आँसु झर्छ हर्षको संसार
हजुरको अनुशासन हजुरको माया
जीवनलाई रङ्गिन बनाउने उज्यालो छाँया

हजुरले मलाई
इमानदार, अनुशासित र आत्मनिर्भर
बन्न सिकाउनुभयो
गलत गर्दा मलाई सम्झाउनुभयो

*कक्षा-७*

## मेरो अनुभव



✍नीतिका भट्टराई

यहि भदौ १६ गतेका दिन निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) हेटौंडाद्वारा निबन्ध लेखन प्रतियोगिता आयोजना भएको थियो। मैले मेरो विद्यालयमार्फत त्यहाँ गएर 'बुवाको माया र मार्गदर्शन' भन्ने शीर्षकमा निबन्ध लेखें।

मैले लेखेको निबन्ध उत्कृष्ट स्थानमा पर्न सफल भयो। त्यसैले मलाई यो सुनौलो अवसर प्रदान गर्ने र म माथि विश्वास गरेर त्यहाँसम्म पुऱ्याउने विद्यालय र शिक्षकप्रति हृदयदेखि नै आभार तथा कृतज्ञता प्रकट गर्न चाहान्छु। म सुरुमा त्यहाँ पुग्दा मनमा जिज्ञासाका बीउहरू उम्रिन थालिसकेको थियो। त्यहाँ कार्यक्रम सुरु हुनुभन्दा पहिले सबैजना पढिरहेका थिए। त्यहाँ हाम्रै विद्यालयको म जस्तै अर्की प्रतिस्पर्धी दिदी हुनुहुन्थ्यो। मलाई लेख्ने वेला सुरुमा कस्तो गाह्रो हुन थाल्यो। विस्तारै ज्यान तातियो ? फेरि सेलाउँदै गयो। मैले त आफ्नो काम ठ्याकै समयमै भ्याएं। त्यसपछि हामीले खाजा खायौं।

पछि निर्णायकलाई धेरै समय लाग्ने भनेर हामीले त्यहाँ खेल पनि खेल्यौं। त्यसपछि निर्णायक आएर निर्णय लिन तर्फ लाग्यौं। अब फेरि मन ढुकढुक हुन थाल्यो। पछि त त्यहाँ मेरो नाम आउँदा त म खुशी हुन थालें। आफूले आफूलाई विश्वास गर्न सकिरहेको थिइनं। त्यहाँ गएर सम्मान पाउँदा त झन खुशीको सीमा नै रहेन। मेरो विचारका यहि नै मेरो सबैभन्दा ठूलो र पहिलो सफलता रहेको थियो। यहि सफलताबाट प्रेरणा र प्रोत्साहन मेरो विद्यालयले पनि सम्मान गऱ्यो। मैले सफलताबाट नै बुझें मिहिनेतको फल मिठो हुन्छ।

वास्तवमा भन्नु पर्दा मलाई सानैदेखि नै साहित्यप्रति रुचि थियो। मलाई यो सफलताले अझै सिर्जनात्मक कुराहरु लेख्न प्रेरणा दिएको छ। म पहिलेदेखि नै यस्ता प्रतियोगिताहरुमा भाग लिने गर्थें तर मेरो हातमा सधैं असफलता मात्रै पर्थ्यो। हामीले सकेसम्म प्रयास गर्न छाड्नु हुँदैन। आँट, हिम्मत र विश्वास भए सगरमाथा पनि सजिलै चढ्न सकिन्छ। राम्रा कुराले नै समय लिन्छ। म अझै पनि यस्ता प्रतियोगिताहरुमा भाग लिनेछु र आफ्ना परिवार र विद्यालयलाई गर्व महसुस गराउने छु।

*कक्षा-७*

## मौसम



✍सौरवी गिरी

कहिले घाम त कहिले पानी
मौसमको कारण घाम आउनी अनि जानी

हामीदेखि पर्छ दंग
मौसमको हुन्छ धेरै रंग

घामले पोल्दा दिक्क लाग्छ
गर्मीमा नुहाउन जागर लाग्छ

बर्खा आउँदा सबैतिर
हरियाली छाउँछ जंगलतिर

घाम-पानी पर्छ असिना झर्छ
मौसमले धेरै नाटक गर्छ

*कक्षा-४*

# छुट्टाछुट्टै घटनामा ३ जिल्लामा ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशको ३ जिल्लामा छुट्टाछुट्टै घटनामा ४ जनाको मृत्यु भएको छ । प्रदेशको चितवन, सिन्धुपाल्चोक र धादिङ जिल्लामा आइतबार ४ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

पृथ्वी राजमार्ग अन्तर्गत धादिङ जिल्लाको गजुरी गाउँपालिका-६, बन्छेटारमा मोटरसाइकल अनियन्त्रित भई सडकमा बिग्रिएर रोकिराखेको ट्रकमा ठोकिँदा चालकको मृत्यु भएको छ । आइतबार राती १० बजेर ३५ मिनेटको समयमा गजुरीबाट गल्छीतर्फ जाँदै गरेको बा ७२ प ६९४८ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सडकमा बिग्रिएर रोकी राखिएको ना ६ ख ३१०६ नम्बरको ट्रकमा ठोक्किएर मोटरसाइकल ट्रकमुनी पस्न पुगेको प्रहरीले जनाएको छ । दुर्घटनामा मोटरसाइकल चालक गल्छी गाउँपालिका-२, भुतियाका ५६ वर्षीय खड्ग प्रसाद खतिवडा गम्भीर घाइते भएका थिए । उनलाई उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र गजुरी लगिएको थियो । उपचारका क्रममा राति ११ बजेर ३० मिनेटको समयमा चिकित्सकले उनलाई मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । ट्रक चालक गोरखा जिल्लाको गण्डकी गाउँपालिका-२ का ४१ वर्षीय श्री बहादुर चेपाङलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

चितवनको भरतपुर महानगरपालिका-१८, गुञ्जनगरमा मोटरसाइकलले ठक्कर दिँदा पैदलयात्री वृद्धाको मृत्यु भएको छ । शनिबार साँझ ६ बजेर १५ मिनेटको समयमा शारदानगर टाउनबाट बाबुरामचोकतर्फ जाँदै गरेको ना ६३ प ३८०१ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा पैदलयात्री वृद्धा गम्भिर घाइते भएको प्रहरीले जानकारी दिएको छ । मोटरसाइकलको ठक्करबाट ७९ वर्षीया चन्द्रकुमारी थापा घाइते भएकी थिइन् । उनलाई उपचारका लागि चितवनस्थित पुरानो मेडिकल कलेज लगिएको थियो । उपचारको क्रममा चैत आइतबार दिउँसो ४ बजेर ४५ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ । मोटरसाइकल चालक भरतपुर-२१ का ४० वर्षीय कर्ण बहादुर थापा मगर सामान्य घाइते भई उपचारपछि घर फर्किएको र उनलाई नियन्त्रणमा लिने प्रक्रिया जारी रहेको छ ।

सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका-३, खुतुमेडाँडामा सडक निर्माणमा कार्यरत एक कामदारको मृत्यु भएको छ । मृत्यु हुनेमा रामेछाप जिल्लाको खाँडादेवी गाउँपालिका-७ का ६४ वर्षीय ईमान सिंह तामाङ रहेको प्रहरीले जानकारी दिएको छ । आइतबार राती १० बजेर २० मिनेटको समयमा खाना खाने क्रममा अचानक ढलेर बेहोस भएका थिए । उनलाई उपचारका लागि मेलम्ची नगर अस्पताल लगिएकोमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । यस्तै चितवनको माडी नगरपालिका-१, कल्याणपुरमा एक पुरुष मृत अवस्थामा फेला परेका छन् । मृत फेला पर्नेमा ४५ वर्षीय घनश्याम पाण्डे रहेको प्रहरीले जानकारी दिएको छ । आइतबार बिहान ६ बजेको समयमा पाण्डे सडक छेउमा मृत अवस्थामा भेटिएका थिए । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङशिल्ड र तेस्रो प्रदेश खेलकुद जेठमा हुने

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता र तेस्रो बागमती प्रदेश खेलकुद प्रतियोगिता आगामी जेठ महिनामा आयोजना हुने भएको छ । बागमती प्रदेश खेलकुद विकास परिषद्को गत बुधबार बसेको बोर्ड बैठकले प्रतियोगिताको मिति तय गरेको हो ।

बैठकको निर्णयअनुसार २०८३ जेठ १ गतेदेखि ३ गतेसम्म प्रदेशस्तरीय प्रतियोगिता सञ्चालन हुनेछ । प्रतियोगिताका लागि परिषद्ले तयारी तीव्र पारेको छ । परिषद्को कार्यालयले आइतबार एक सूचना जारी गरी प्रदेशका १३ वटै जिल्लालाई खेलाडी छनोट प्रक्रिया अघि बढाउन पत्राचार गरेको छ । आगामी वैशाख १५ गतेभित्र जिल्लास्तरबाट खेलाडी छनोट गरी छनोट भएका खेलाडी र अफिसियलहरूको नामावली परिषद्को कार्यालयमा पठाइदिन अनुरोध गरिएको छ ।

यस्तै, बैठकको निर्णय अनुसार अगामी जेठ २४ गतेदेखि ३० गतेसम्म प्रदेश खेलकुद प्रतियोगिता सञ्चालन हुनेछ । परिषद्ले आईतबार एक सूचना जारी गरी निर्धारण गरिएको खेलाडी कोटा, खेल संख्या र खेल ईभेन्टस्को आधारमा खेलाडी छनोट गरी जेठ ५ गतेभित्र खेलाडी र अफिसियलको नामावली पठाउन प्रदेशका सबै जिल्ला खेलकुद विकास समितिलाई आग्रह गरेको छ । प्रतियोगितामा फुटबल, भलिबल, कराँते, तेक्वान्दो, क्रिकेट, उसु, जुडो, व्याड्मिन्टन, बुद्धिचाल, पौडी र एथ्लेटिक्स विधाका खेलहरु आयोजना गरिनेछ । प्रतियोगितामा महिला र पुरुषबीच छुट्टाछुट्टै प्रतिस्पर्धा हुनेछ ।

# विजुलीको पोलबाट लडेका भुवनको मृत्यु

समाज संवाददाता

हेटौंडा : इन्टरनेटको तार जडान गर्ने क्रममा लडेर हेटौंडामा एकजनाको मृत्यु भएको छ । हेटौंडा-४ श्रमिकपथमा विजुलीको पोलमा इन्टरनेटको तार जडान गर्ने क्रममा मकवानपुरको राक्सिराङ गाउँपालिका-६, खरकाण्डेताल घर भई हाल हेटौंडा-१, चौकीटोलमा डेरा गरी बस्दै आएका १८ वर्षीय भुवन चेपाङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

सोमबार अपरान्ह ४ बजेर ५० मिनेटको समयमा विजुलीको पोलबाट लडेर गम्भीर घाइते भएका भुवनलाई उपचारका लागि हेटौंडा अस्पताल लगिएको थियो । उपचारको क्रममा भुवनको सोमबार अपरान्ह ५ बजेर ३० मिनेटको समयमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

# हेटौंडा एफएमको प्रसारण सुचारु

समाज संवाददाता

हेटौंडा : हावाहुरीका कारण टावर भाँचिएर प्रसारण अवरुद्ध भएको हेटौंडा एफएम ९६.६ मेगाहर्जको प्रसारण नियमित भएको छ । टावर मर्मत हुन केही समय लाग्ने भएपछि अस्थायी व्यवस्थापन गरेर रेडियो प्रसारण गरिएको छ । आधा भागमा भाँचिएको टावर र एन्टेनाको मर्मत गरी प्रसारण सुचारु भएको हो ।

मर्मतपछि आइतबार साँझबाट एफएम पूर्णरुपमा सञ्चालनमा आएको छ । सो प्रसारण टावरको निर्माण नहुन्जेलसम्म केही समय अस्थायी प्रसारण मै रहने एफएमले जनाएको छ । हाललाई अस्थायी रुपमा सुचारु भएपनि स्थायी रुपमा प्रसारण नियमित गर्न अझै अनिश्चित रहेको एफ एमका अध्यक्ष उज्ज्वल चौलागाईले जानकारी दिनुभयो । गएको शुक्रबार अपरान्ह हेटौंडामा आएको हावाहुरीका कारण हेटौंडा-४, कमलडाँडास्थित हेटौंडा एफएमको १ सय २० फिट अग्लो प्रसारण टावर बीच भागमा भाँचिएको थियो ।

## माइग्रेसन हराएको सूचना

बालकल्याण सेकेण्डरी स्कूल, लिवाङ रोल्पाबाट २०७९ सालमा (१०+२) तह उत्तीर्ण गरी राष्ट्रिय परीक्षा बोर्डबाट प्राप्त गरेको माइग्रेसन सर्टिफिकेट निशा थापा (रजिष्ट्रेशन नम्बर ७८५५३००१०२२७, सिम्बोल नम्बर २५३००२१४) को मिति २०८२ साल फाल्गुन २५ गतेका दिन हेटौंडा थाहाचोक-४ बाट फरेष्ट्री कलेज जाने क्रममा हराएको हुँदा कहिँकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

सम्पर्क : ९७४५९२६९४०

# हेटौंडामा पत्रकार सुरेश किरणको शोकसभा




*शोकसभा अघि निकालिएको र्‍यालीमा सहभागीहरु ।*

समाज संवाददाता

हेटौंडा : नेपाली र नेपाल भाषा पत्रकारिताको क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउनु भएका पत्रकार सुरेश किरण मानन्धरको निधन भएको १३ औं दिनको पूण्यतिथिमा हेटौंडामा शोकसभाको आयोजना गरिएको छ । भाषा आयोगको सदस्य समेत रहनुभएका मानन्धरको फागुन २५ गते हृदयघात भई निधन भएको थियो ।

हेटौंडामा नेवार समुदायका विभिन्न पुचः, गुठी, खलःका पदाधिकारीको उपस्थितिमा शोकसभाको आयोजना गरिएको हो । शोकसभाअघि हेटौंडा-२ स्थित संगमचोकमा भेला भएर श्रद्धाञ्जली ब्यानरसहित हरिकुञ्जरोड, कान्तिराजपथ, बुद्धचोक, पिपलबोटचोक हुँदै हेटौंडा-२ स्थित मन्त्र होटलमा शोकसभा आयोजना गरिएको थियो । शोकसभा आयोजक समितिका संयोजक विष्णुगोपाल महर्जनको अध्यक्षतामा भएको शोकसभामा सुरेश किरण मानन्धरको विषयमा हेटौंडा वापौका पूर्व कार्यकारी सम्पादक मोहनमान सांगामीले जानकारी गराउनुभएको थियो ।

नेपाली भाषा र नेपाल भाषाको पत्रकारितामा उल्लेखनीय योगदान पुर्‍याउनुभएका मानन्धरले हेटौंडाबाट प्रकाशन हुने नेवारी भाषाको पत्रिका हेटौंडा वापौको प्रकाशनमा पनि महत्वपूर्ण सहयोग पुर्‍याउनुभएको बताउनुभयो । पूर्वशिक्षक देवप्रसाद श्रेष्ठले सुरेश किरणको निधनले भाषा, कला, संस्कृति र पत्रकारिताको क्षेत्रमा अतुलनीय क्षति पुगेको श्रेष्ठले दावी गर्नुभयो । सुरेश किरणले आफ्नो जीवन मात्रै नबाँची समाजको सकारात्मक परिवर्तनका लागि बाँचिरहेको उल्लेख गर्नुभयो ।

## रोजगारीको अवसर

हेटौंडास्थित एक होटलका लागि तपसील बमोजिमको कामदार आवश्यक भएकोले इच्छुक, योग्य नेपाली नागरिकले २०८२ चैत १३ गतेसम्ममा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसील**
कुक - २ जना
काउन्टर सेल्सम्यान-३ जना
किचन (स्वीट्स) हेल्पर : ५ जना ।
बेकरी हेल्पर : ३ जना ।
क्लिनर : २ जना ।

**सेवा, सुविधा आपसी सहमतिमा तय गरिनेछ ।**

**सम्पर्क** : ९८२१-२५९३९३

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## सूचीकृत हुन आउने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति : २०८२/१२/१०)*

प्रस्तुत विषयमा यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८२/१२/०८ को निर्णय अनुसार चालु आ.व. २०८२/०८३ मा विद्यालयमा आवश्यक पर्ने सेनेटरी प्याड खरिद गर्ने प्रयोजनका लागि नेपाल सरकारले जारी गरेको सेनेटरी प्याड बितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को अनुसूची १ दफा ३ को उपदफा ४ सँग सम्बन्धित सेनेटरी प्याडको न्यूनतम मापदण्ड बमोजिम उक्त सामग्री खरिद प्रक्रिया प्रयोजनका लागि आपूर्ति गर्न चाहने आपूर्तिकर्ता, कम्पनी, सप्लायर्स तथा फर्महरुले सार्वजनिक खरिद नियमावली अनुसार तपसिलमा उल्लेखित कागजात सहित विद्यालयमा सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयभित्र सूचीकृतका लागि निवेदन दर्ता गराउन हुन सार्वजनिक सूचना आव्हान् गरिएको छ ।

साथै आवश्यक कागजातहरु संलग्न नगरिएको निवेदनलाई मान्यता दिइने छैन र प्राप्त भएका निवेदन मौंजुदा सूचीमा सूचीकृत गर्ने वा नगर्ने अधिकार विद्यालय व्यवस्थापन समितिमा निहित रहने छ ।

**तपसिल**
विषय क्षेत्र
१) सेनेटरी प्याड

**निवेदनसँगै पेश गर्नुपर्ने आवश्यक कागजातहरू**
१) स्थाई लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपी ।
२) कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।
३) मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
४) अघिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

सम्पर्क : ९८५१०१३६४९, ९७६७७२९६७१

**श्री प्रतिभा आधारभूत विद्यालय**
हेटौंडा-१२, सिग्रेनी

# स्वतन्त्र पत्रकार संघ काठमाडौंमा कृष्णराज, ललितपुरमा सरिता

समाज संवाददाता

हेटौंडा : स्वतन्त्र पत्रकार संघ काठमाडौं र ललितपुर जिल्ला शाखाले एकसाथ साधारण सभा तथा अधिवेशन आयोजना गरेको छ । आइतबार काठमाडौंमा भएको अधिवेशनबाट काठमाडौं जिल्ला शाखाको अध्यक्षमा कृष्णराज तिमल्सिना निर्वाचित हुनुभएको छ । काठमाडौं शाखाको दशौं साधारण सभा तथा पाँचौं अधिवेशनले तिमल्सिनाको नेतृत्वमा सात सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।

नयाँ कार्यसमितिको उपाध्यक्षमा रीना श्रेष्ठ, सचिवमा सानुराजा महर्जन र कोषाध्यक्षमा रीता श्रेष्ठ प्रधान चयन हुनुभएको छ । त्यसैगरी सदस्यहरूमा मोहन अधिकारी, दामोदर भट्ट, सुनिता अग्नि, फोमस भण्डारी र सुरेश श्रेष्ठ चयन हुनुभएको छ । कार्यक्रममा कोषाध्यक्ष रीता श्रेष्ठ प्रधानले आर्थिक वर्षको लेखा प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

सोही अवसरमा ललितपुर शाखाको आठौं साधारण सभा तथा चौथो अधिवेशन पनि सम्पन्न भएको छ । अधिवेशनले सरिता थपलियाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । समितिको उपाध्यक्षमा कृष्णराज तिमल्सिना, सचिवमा धर्मलाल मानन्धर, सह-सचिवमा शंकर घिमिरे र कोषाध्यक्षमा मनोज खड्का रहनुभएको छ । अधिवेशनसँगै संघको उपत्यका भेलाको समेत आयोजना गरिएको थियो । अधिवेशनको उद्घाटन संघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष केवी सम्राटले गर्नुभएको थियो ।

# त्रिभुवन माविको अध्यक्षमा वडाध्यक्ष दाहाल

समाज संवाददाता

हेटौंडा : हेटौंडा-११, नवलपुरस्थित त्रिभुवन माध्यमिक विद्यालयको व्यवस्थापन समिति अध्यक्षमा वडाध्यक्ष जुना दाहाल चयन हुनुभएको छ । सोमबार विद्यालय व्यवस्थापन समितिका सदस्य गोविन्दप्रसाद न्यौपानेको सभाध्यक्षतामा बसेको बैठकले दाहाललाई अध्यक्षमा सर्वसम्मत चयन गरेको हो । विद्यालय व्यवस्थापन समितिको सदस्यमा वडा सदस्य संजय बिडारी, जनकप्रसाद लामिछाने, गोविन्दप्रसाद न्यौपाने, बिनु नेपाली, बद्री लम्साल, जमुना राई चयन हुनुभएको छ ।

## चल अचल सम्पत्ति वा घर-जग्गा भाँडामा दिंदा अनिवार्य रुपमा सम्झौंता गर्ने सम्बन्धी सूचना

हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ मा चल अचल सम्पत्ति वा घर जग्गा भाँडामा दिने लिने सबैले अनिवार्य रुपमा ३ पुस्ते पारिवारीक बिवरण उल्लेख गरी चल अचल सम्पत्ती वा घर जग्गा भाँडा सम्झौंता गरेर मात्र दिन लिन हुन सरोकारवाला सबैमा यो सूचना प्रकाशन गरिएको छ । सम्झौंता नगरी भाँडामा लिने दिने गरेको पाइएमा वा यस सम्बन्धमा कुनै समस्या आई परेमा सम्बन्धित व्यक्ति नै जिम्मेवार हुने व्यवहोर सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिन्छ ।

**२ नम्बर वडा कार्यालय**
**हेटौंडा उपमहानगरपालिका**
**बागमती प्रदेश, नेपाल**

## बालबालिकालाई लागूऔषध दूरूपयोगबाट बचाऔं ।

- लागूऔषध सामाजिक अपराध हो कोही कसैले प्रयोग नगरौं,
- बालबालिकालाई लागूऔषधको प्रयोगबाट टाढा राखौं,
- बालबालिकाको संगतमा ध्यान दियौं,
- लागूऔषधबाट हुने हानी र कानुनी परिणामको बारेमा जानकारी दिऔं,
- बालबालिकासँग नियमित संवाद गर्ने गरौं,
- बालबालिकालाई घरमा माया र समय दिने गरौं,
- विद्यालयमै जीवन उपयोगी शिक्षा दिने गरौं,
- बालबालिकाको सकारात्मक गतिविधिलाई प्रोत्साहन गरौं,

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौंडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौंडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौं ।

**प्रो. ज्योति रत्न बज्राचार्य**
सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ